# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७९।१०।०४

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ युएई शाखाका सदस्य एवं महाप्रतिवाद राष्ट्रिय साप्ताहिकमा कार्यरत पत्रकार कृष्णबहादुर कुँवरलाई युएईस्थित नेपाली दूतावासका कर्मचारीद्वय डिल्लीराम शर्मा र पिआरओ इरफान आलमले दुर्व्यवहार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

युएई शाखाका अनुसार १२ जनवरी २०२३ (पुस २८ गते) का दिन नेपालीलाई पासपोर्ट नवीकरणका लागि पीडितलाई सहयोग गर्ने तथा समाचार संकलनसमेत गर्ने उद्देश्यले दूतावास पुगेका पत्रकार कुँवरलाई महासंघको परिचयपत्र देखाएर पत्रकार रहेको परिचय दिँदादिँदै दूतावासका कर्मचारीद्वय शर्मा र आलमले परिचयपत्र र मोबाइलसमेत ४ घण्टासम्म नियन्त्रणमा लिएर स्थानीय प्रहरी बोलाएर पक्राउ गराउने धम्की दिई युएईको परिचयपत्र (ईमिरेट्स आईडी कार्ड) जफत गरी मानसिक तनाव दिएका थिए ।

नेपालबाट रोजगारी वा अन्य कुनै प्रयोजनले युएई पुगेका नेपालीहरूको समस्या र उनीहरूको आवाजलाई सम्बन्धित निकायमा पुर्‍याउन भूमिका निर्वाह गर्दै आएका नेपाली पत्रकारमाथि नेपाली दूतावासकै कर्मचारीबाट भएको यस्तो हर्कत अत्यन्त निन्दनीय र प्रेसविरोधी काम हो ।

महासंघ प्रेसविरोधी यस्ता कार्यमा संलग्न कर्मचारीमाथि कारबाहीको प्रक्रिया अगाडि बढाइ यस्ता हर्कत नदोरिनेतर्फ गम्भीर हुन तथा युएईमा रहेका नेपाली र नेपाली पत्रकारको सुरक्षा र समस्याका सवालमा गम्भीर हुन परराष्ट्र मन्त्रालय र युएईस्थित नेपाली दूतावासको ध्यानाकर्षण गराउँदछ ।

**रोसन पुरी**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org